THE WORLD BANK

Working for a World Free of Poverty

**प्रेस विज्ञप्ति**

# विश्व बैंक नेपालको शान्ति प्रक्रियालाई सघाउन प्रतिवद्ध

**काठमाडौं, असार ३१, २०६६** । विश्व बैंक मुख्यालयबाट आएको एक टोलीले *आपत्कालीन शान्ति सहयोग आयोजना*को समीक्षा आज सम्पन्न गरेको छ । भ्रमणका क्रममा टोलीले नेपाल सरकारका उच्च अधिकारीहरु, एकतृत नेकपा माओवादीका उच्च तहका नेताहरु, शान्ति पक्रियालाई सहयोग गरिरहेका विकास साझेदारहरु र नेपाली नागरिक समाजका प्रतिनिधिहरुसंग छलफल गरेको थियो । यी छलफलहरुमा, विश्व बैंकले *आपत्कालीन शान्ति सहयोग आयोजना*मार्फत् नेपालको शान्ति प्रक्रियालाई निरन्तर सहयोग गर्ने प्रतिवद्धता जाहेर गरेको थियो । बैंकले आफूले लगानी गरेका विकास कार्यक्रमहरुमर्फत् पनि शान्ति स्थापनार्थ सहयोग निरन्तर गर्नेछ ।

*"शान्ति सम्झौताहरुको कार्यान्वयन गर्ने कार्य सधैं सहज हुदैन, तर विश्व बैंक नेपालको वृहत् शान्ति सम्झौता कार्यन्वयन गर्न सघाउने आफ्नो प्रतिवद्धतामा दृढ छ,"* **विश्व बैंक नेपालकी निर्देशक सुजन गोल्डमार्क** भन्नुहुन्छ : *"बैंकको नयाँ सहायता रणनीतिको अंशको रुपमा शान्ति बहाली गर्ने र भविष्यको संभावित द्वन्द न्यूनीकरणलाई योगदान गर्ने प्रकृतिका आयोजनाहरुलाई हामी सघाउने छौं । यसले नेपालमा विकासका लागि शान्तिको सारभूत महत्व र बैंकको शान्तिप्रतिको प्रतिवद्धतालाई प्रतिविम्बित गर्छ।"*

भ्रमण टोलीले द्वन्दमा मारिएका व्यक्तिका परिवारहरुलाई सहायता रकम दिन गरिएको शुरुवात, शिविरमा रहेका माओवादीहरुलाई भत्ता भुक्तानी दिने प्रक्रियामा भएको सुधार र उमेर नपुगेका र अरु ढंगले अयोग्य ठहरिएका पूर्व माओवादी लडाकुहरुलई शिविरबाहिर पठाउने हालैको प्रष्ट प्रतिवद्धता लगायतका धेरै क्षेत्रमा भएको प्रगतिको स्वागत गरेको छ । टोलीले शान्ति सम्झौताहरु कार्यान्वयन गर्न रकम अपुग भएको, अरु द्वन्द प्रभावित समूहरुका आवश्यकतालाई सम्वोधन गर्न अन्तर्राष्ट्रिय समुदायको सहयोग जारी रहनुपर्ने आवश्यकताका साथै, नेपाल शान्ति कोषको आवश्यकता मूल्यांकले प्रतिविम्वित गरे झैं, पुन:निर्माणको प्राथमिकताका बारेमा पनि जानकारी लिएको छ ।

बैंकको टोलीले सरकारले शिविरमा रहेका माओवादीहरुलाई भत्ता भुक्तानी दिने रकम जुटाउन दिएको प्राथमिकताबारे पनि जानकारी हासिल गरेको छ र यस्तो भुक्तनी निरन्तर रहनु महत्वपूर्ण रहेको कुरमा समेत जोड दिएको छ । बैंकले, नेपाल सरकार र अरु सरोकारवालाहरुसंग मिलेर, खासगरी *आपत्कालीन शान्ति सहयोग आयोजना*को सहायता रकमलाई कसरी पुन: विनियोजित गर्दा शान्ति प्रक्रियाका जारी प्रयासहरुलाई सबभन्दा प्रभावकारी ढंगले सघाउन सकिन्छ भन्ने बारे अध्ययन गरिरहेको छ ।

नेपालमा बैंकका कार्यहरुबारे थप जानकारीका लागि कृपया http://www.worldbank.org.np मा हेर्नोस् ।

###